# खपत भौचर योजना

## दर्ता सम्बन्धी नोटहरू

खपत भौचर योजना ("योजना") अन्तर्गत, स्थानीय खपतलाई प्रोत्साहन र प्रवर्धन गर्नका लागि हरेक योग्य मानिसलाई किस्ताबन्दीमा जम्मा $5,000 मूल्यको विद्युतीय खपत भौचरहरू वितरण गरिनेछ ।

**<u>योग्यता मापदण्ड</u>**

दर्ता गर्नेले निम्न मापदण्ड पुरा गर्नुपर्छ,अर्थात दर्ता गर्ने व्यक्ति–

(a) 18 जून 2021 वा त्यसअघि 18 वर्ष पुगेको हुनुपर्छ; र

(b) 18 जून 2021 मा,

(i) स्थानीय रूपमा जारी गरिएको मान्य हङकङको स्थायी परिचय पत्र (“HKPIC”) वा व्यक्तिहरूको दर्ता सम्बन्धी नियमावली, क्याप. 177A अन्तर्गत दर्ता कमिशनरले जारी गरेको मान्य छुटको प्रमाणपत्र ("EC") प्राप्त हङकङ स्थायी बासिन्दा; वा

(ii) मान्य हङकङ परिचय पत्र (“HKIC”) वा व्यक्तिहरूको दर्ता सम्बन्धी नियमावली, क्याप. 177A अन्तर्गत दर्ता कमिशनरले जारी गरेको EC भएको हङकङको बासिन्दा जो हङकङ र मकाउको पूर्ववर्ती अनुमतिमा हङकङ आएको (सामान्यतया "एकतर्फी अनुमति" भनेर चिनिने); वा

(iii) मान्य HKIC भएको वा व्यक्तिहरूको दर्ता सम्बन्धी नियमावली, क्याप. 177A अन्तर्गत दर्ता कमिशनरले जारी गरेको EC भएको हङकङको बासिन्दा जोसँग हङकङमा माथिको (b)(i) ले प्रायोजन गरेको आश्रितको रूपमा रहनका लागि मान्य अनुमति भएको; र

(c) “हङकङमा बसोबास गर्ने” आवश्यकतालाई पालना गरेको ।

यो योजनाको प्रयोजनका लागि, दर्ता गर्ने व्यक्ति भन्नाले 18 जुन 2021 भन्दा ठीक 24 महिनाअघिसम्म भनिएको अवधीमा निज निम्न अवस्था बाहेक नियमित रूपमा हङकङबाट अनुपस्थित नभइ बसिरहेको भन्ने बुझिन्छः

(a) पोर्टेबल कम्प्रेहेन्सिभ सोसल सेक्युरिटी असिस्टेन्स स्किमअन्तर्गतको सहायता, ग्वाङ्डोङ् योजना वा फुजियान योजनाअन्तर्गतको भत्ता प्राप्त गरिरहेको;

(b) सम्बन्धित अधिकारीबाट मान्यता प्राप्त हङकङ बाहिरको विद्यालय/विश्वविद्यालयमा अध्ययन गरिरहेको;

(c) श्रम विभागले सञ्चालन गरेको कामकाजी विदा योजनामा सहभागी भएको;

(d) मेडिकल कारणले हङकङ बाहिरको अस्पतालमा भर्ना भएको ;

(e) हङकङ विशेष प्रशासनिक क्षेत्र सरकार (“सरकार”) वा हङकङमा रहेको कम्पनी/संस्थामा अस्थायी रूपमा* हङकङ बाहिर कार्यालयको काम गरिरहेको; वा यस्ता काम गर्नका लागि परिवारका नजिकका सदस्यसँग रहेको; र/वा

(च) सरकारद्वारा यो योजनाको प्रयोजनका लागि मान्य हुने गरी सरकारले निर्धारण गरेको असाधारण कारण(हरू) भएको ।

*यो योजनाको प्रयोजनका लागि, यसको अर्थ यो व्यक्तिलाई हङकङमा रहेको कम्पनी वा संस्थाले रोजगारी दिएको छ र उनी हङकङबाहिर अस्थायी रूपमा काम गर्नका लागि खटाइएका छन् र सो खटाइपछि हङकङ फर्किने उद्देश्य छ ।

**<u>दर्ता, संकलन र उपयोग</u>**

योग्य व्यक्तिहरूले भौचर संकलन गर्नुअघि निम्न स्टोर्ड भ्यालू फसिलिटिज ("SVF") मार्फत दर्ता गर्नुपर्छः Alipay HK, Octopus, Tap र Go and WeChat Pay HK

***दर्ता***

दर्ता गर्नेहरूले योजना वेबसाइट (www.consumptionvoucher.gov.hk) मा अनलाईनको माध्यमबाट वा कुनै पनि पोस्ट अफिसहरू वा तोकिएको बैंक शाखाहरूमा रहेका ड्रपबक्सहरूमा कागजी फारम पेश गरी दर्ता गर्न सक्छन् ।

***संकलन***

अक्टोपस रोजेका सफल रुपमा दर्ता भएका व्यक्तिहरूले निम्न च्यानलहरूको माध्यमबाट खपत भौचरहरू संकलन गर्न सक्छन्ः

1. MTR स्टेशनहरू, लाईट रेल ग्राहक सेवा केन्द्रहरू, तोकिएका सार्वजनिक यातायात इन्टरचेन्जेज र तोकिएको फेरी पियरहरूमा जडान गरिएका अनुदानका संकलन स्थानहरू,;
2. 7-इलेभेन, सर्कल के र वेलकम सुपरमार्केटका सबै आउटलेटहरू;
3. अक्टोपस सेवा स्थानहरु; र
4. अक्टोपस एप

Alipay HK, Octopus, Tap & Go र WeChat Pay HK छानेका सफल रुपमा दर्ता गर्नेहरूका लागि, खपत भौचरहरू दर्ता गरिएका SVF खातामा सिधैं जम्मा गरिनेछ ।

***प्रयोग***

खपत भौचरहरू स्थानीय खुद्रा, खानपान र सेवा आउटलेट वा तिनीहरूको अनलाईन प्लेटफार्ममा प्रयोग गर्न सकिन्छ । निम्न कारोबारहरूलाई समावेश गरिदैंनः

- सरकारलाई गरिने भुक्तानीहरू (जस्तैः कर, जरिवाना, लाईसेन्स शुल्कहरू, टनेल शुल्कहरू, पार्किङ मिटरहरू) सार्वजनिक उपयोगिताको भुक्तानीहरू (भन्नाले

पानी, विद्युत र ग्याँस)
- सार्वजनिक संस्थाहरूको भुक्तानीहरू (जस्तैः अस्पताल प्राधिकरण, हङकङ आवास प्राधिकरण, हङकङ आवास समाजशौक्षिक खर्चहरू (भन्नाले स्थानीय र गैरस्थानीय पाठ्यक्रम उपलब्ध गराउने प्राथमिक तथा माध्यमिक विद्यालयहरू,र युजीसीबाट अनुदान प्राप्त विश्वविद्यालयहरूको भुक्तानीहरू)
- वित्तीय उत्पादन वा सेवाहरूको खरीद (जस्तै बीमा)
- दान (परोपकारी, धार्मिक र राजनीतिक संस्थाहरू सहित)
- हङकङ बाहिर रहेका व्यापारीहरूबाट गरिने प्रत्यक्ष खरीदहरू (स्थानीय रूपमा बनाइएका गैरस्थानीय अनलाईन प्लेटफर्महरूमार्फत गरिने अनलाईन खरीदहरू)
- व्यक्तिले व्यक्तिलाई गर्ने भुक्तानीहरू
- नगदीकरण

**<u>समयतालिका</u>**

*अक्टोपस*

| **4 जुलाई देखि 17 जुलाई सम्म पुरा गरिएका विद्युतीय दर्ताहरू** | **18 जुलाई देखि 14 अगस्तसम्म पुरा गरिएका विद्युतीय दर्ताहरू र सबै कागजी दर्ताहरू** |
|---|---|
| **पहिलो भौचर ($2,000)** | |
| 1 अगस्त | 1 सेप्टेम्बर |
| **दोस्रो भौचर ($2,000)** | |
| 1 अक्टोबर | 1 नोभेम्बर |
| **तेस्रो भौचर ($1,000)** | |
| 16 डिसेम्बर 2021<br>(यदि कुल योग्य खर्च 30 नोभेम्बर 2021 भित्र $4,000 पुगेमा)<br><br>वा 16 जनवरी 2022 / 16 फेब्रुअरी 2022 / 16 मार्च 2022 (यदि कुल योग्य खर्च 31 डिसेम्बर 2021 / 31 जनवरी 2022 / 28 फेब्रुअरी 2022 भित्र $4,000 पुगेमा) | 16 जनवरी 2022<br>(यदि कुल योग्य खर्च 31 डिसेम्बर 2021 भित्र $4,000 पुगेमा)<br><br>वा 16 फेब्रुअरी 2022 / 16 मार्च 2022 / 16 अप्रिल 2022 (यदि कुल योग्य खर्च 31 जनवरी 2022 / 28 फेब्रुअरी 2022 / 31 मार्च 2022 भित्र $4,000 पुगेमा) |

*AlipayHK, Tap&Go, WeChat Pay HK*

| **4 जुलाइदेखि 17 जुलाइसम्म पुरा गरिएका विद्युतीय दर्ताहरू** | | **18 जुलाइदेखि 14 अगस्तसम्म पुरा गरिएका विद्युतीय दर्ताहरू र सबै कागजी दर्ताहरू** | |
|---|---|---|---|
| **वितरण मिति** | **म्याद समाप्त हुने मिति** | **वितरण मिति** | **म्याद समाप्त हुने मिति** |
| **पहिलो भौचर ($2,000)** | | | |
| 1 अगस्त | 31 डिसेम्बर | 1 सेप्टेम्बर | 31 जनवरी 2022 |

| **दोस्रो भौचर ($3,000)** | | | |
|---|---|---|---|
| 1 अक्टोबर | 31 डिसेम्बर | 1 नोभेम्बर | 31 जनवरी 2022 |

## सोधपुछहरू

कृपया यस योजनाको हटलाईन 18 5000 मा कल गर्नुहोस् । यदि तपाईंलाई योजना हटलाईनको कर्मचारीसँग सञ्चार गर्नका लागि CHEER को दोभाषे सेवा चाहिन्छ भने, कृपया CHEER को हटलाईन 3755 6822 मा सम्पर्क गर्नुहोस् ।